# सरावल गाँउपालिका

## नवलपरासी, (बर्दघाट सुस्ता पश्चिम)

## **स्थानीय राजपत्र**

| | | |
|---|---|---|
| खण्डः ८ | संख्याः३ | मङ्सिर महिना २१ गते, २०८१ |

## **भाग २**

**स्थानिय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ उपदफा २ बमोजिम सरावल गाउपालिकाको कार्यपालिकाले बनाएको देहाय बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।**

**२०८१ सालको कार्यविधि संख्या २**

**कार्यविधिको नामः स्वयंसेवक परिचालन कार्यविधि २०८१**

सरावल गाउँपालिका

सरावल गाऊँपालिकाको कार्यालय ,सरावल

# स्वयंसेवक परिचालन कार्यविधि २०८१

गाउँसभाबाट स्वीकृत मितिः२०८१/०८/१९

प्रमाणिकरण मितिः२०८१/०८/२१

प्रकाशित मितिः२०८१/०८/२१

**प्रस्तावनाः**

प्रस्तावनाः स्वयंसेवक सेवा मार्फत गाऊँपालिका भित्र स्वयंसेवक परिचालन तथा प्रवर्द्धन कार्यलाई अझ बढी प्रभावकारी रुपमा सञ्चालन गरी स्वयम्सेवकको माध्यमबाट गाऊँ विकासका साथै राष्ट्रिय विकासमा यथेष्ठ योगदान पुर्याउन आवश्यक भएकोले स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ को १ (२) बमोजिम सरावल गाऊँपालिकाले "स्वयंसेवक परिचालन कार्यविधि २०८१ बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ :

(१)यस कार्यविधिको नाम "स्वयंसेवक परिचालन कार्यविधि २०८१" रहेको छ ।

(२)यो कार्यविधि सरावल गाऊँपालिका, गाऊँ कार्यपालिकाबाट पारित भएको मितिदेखि लागू हुनेछ ।

२. परिभाषा :

बिषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधीमा :

(१)“कार्यविधि” भन्नाले "स्वयंसेवक परिचालन कार्यविधि २०८१" लाई बुझाउँछ ।

(२)“गाऊँपालिका” भन्नाले सरावल गाऊँपालिकालाई बुझाउँछ ।

(३)“तोकिएको कार्य अवधि” भन्नाले सम्झौतामा तोकिएको अवधिलाई बुझाउँछ।

३. स्वयं सेवक परिचालनको उद्देश्य तथा आधारहरु

(१)गाऊँ विकास स्वयंसेवक सेवा अन्तर्गत स्वयंसेवक परिचालन गर्दा दक्ष व्यक्तिहरुलाई अल्प समयको लागि रोजगारी दिने, सार्वजनिक सेवा प्रवाहमा सहजीकरण गर्ने, गरिवी न्यूनीकरण गर्ने, दिगो विकास लक्ष्य हासिल गर्न लक्ष्य प्राप्तिमा सहयोग पुऱ्याउने र समुदायस्तरबाटै स्वयंसेवी भावनाको प्रवर्द्धन गर्ने प्रमुख उद्देश्य रहनेछ ।

(२) गाऊँ विकास स्वयंसेवक सेवा अन्तर्गत देहाय बमोजिमका विषय क्षेत्रहरुसंग सम्बन्धित जनशक्तिलाई स्वयंसेवकको रुपमा परिचालन गरिने छ :-

(अ) स्वास्थ्य, सामुदायिक शिक्षा, वालवालिका र जेष्ठनागरिक संरक्षण तथा सामाजिक सुरक्षा सेवा आदि

(आ) बिभिन्न मैत्री अभियान कार्यक्रमहरु

(इ) गाऊँपालिकाले तोकेका अन्य क्षेत्रहरु

(३) गाऊँ विकास स्वयंसेवक सेवाबाट स्वयंसेवक परिचालन गर्दा देहाय बमोजिमका विषयहरुलाई प्रमूख आधारको रुपमा लिइनेछ ।

(अ) गाऊँपालिकाको प्रशासनिक संगठनबाट आवश्यक मात्रामा जनतालाई प्राविधिक वा अप्राविधिक सेवा पुर्याउन नसकिएका क्षेत्रहरुमा सहजीकरण गर्ने,

(आ) गाऊँपालिका वा समुदायद्वारा सामाजिक हितको लागि संचालित सामुदायिक सेवा कार्यक्रमहरुमा प्राविधिक सहयोग गर्ने,

(इ) सेवा प्रदायक लामो अवधीको बिदा बस्नु परेका कारण स्वास्थ्य संस्था तथा विद्यालयतर्फ सेवा प्रवाहमा परेको समस्यालाई समाधान गर्ने ।

४. स्वयंसेवकको लागि न्यूनतम योग्यता

(अ) नेपाली नागरिक ।

(आ) अठार बर्ष उमेर पुरा भएको तर चालिस बर्ष उमेर ननाघेको ।

(इ) तोकिएको विषय क्षेत्र वा पदका लागि आवश्यक शैक्षिक योग्यता मान्यता प्राप्त शैक्षिक संस्थाबाट हासिल गरेको तथा काउन्सिल दर्ता गर्नु पर्ने सेवाको हकमा काउन्सिलमा दर्ता भएको

(ई) नैतिक पतन देखिने फौजदारी आभियोगमा अदालतबाट कसुरदार नठहरिएको ।

५. गाऊँपालिकाको कर्मचारी छनौट समितिले नै स्वयंसेवकको छनौट परिचालन तथा व्यवस्थापनको कार्य गर्नेछ ।

६. स्वयंसेवकहरुको छनौट देहायको आधारमा गरिने छ ।

- प्राप्त आवेदनहरुमध्ये तोकिएको योग्यताको प्राप्तांक प्रतिशतको आधारमा (Merit List) ।

सरावल गाउँपालिका

- स्वयंसेवकहरुको लागि अन्तरवार्ताको प्राप्ताङ्कको आधारमा

७. प्रतिक्षा सूचि तथा खटनपटन सम्बन्धी व्यवस्था

१. कार्यविधिको दफा ८ बमोजिम छनौट भएका उम्मेद्वार मध्ये अधिकतम १० जनाको प्रतिक्षा सूचि तयार गरिनेछ ।

२. दफा ३ को उपदफा ३ बमोजिम गाउँपालिकालाई आवश्यक परेको समयमा प्रतिक्षा सूचि रहेको उम्मेद्वार मध्ये वरियता क्रमकको आधारमा आवश्यक समयावधीको लागि गाउँपालिकाले खटनपटन गर्ने ।

३. छनौट भएको सूचना प्रकाशित भएको मितिले ७ दिन भित्र स्वयंसेवकले पालिकाबाट नियुक्ति नबुझेमा सो स्थानमा वैकल्पिक उमेदवारहरु मध्येबाट वरियताक्रम अनुसार निज पछिको अर्को योग्य उमेदवारलाई नियुक्ति दिइने छ ।

८. स्वयंसेवकको रुपमा काम गर्न इच्छुक व्यक्ति सम्बन्धित पदको लागि प्रमाणित योग्यता सहित सुचीकृत गरिनेछ, जसका लागि

- सूचीकरणका लागि प्रत्येक आर्थिक वर्षमा सार्वजनिक सूचनामार्फत जानकारी गराइनेछ ।
- प्राप्त आवेदनहरु छानविन/रुजु गरी सो उपर स्वीकृति वा अस्वीकृतिको निर्णय हुनेछ ।
- स्वीकृत आवेदनहरुका विषय क्षेत्रगत वा पदगत वा योग्यताक्रममा विवरण तयार गरिनेछ ।

९. स्वयंसेवक छनौट गर्दा प्राप्त हुन आएका आवेदकहरुमध्ये आवश्यक पदको लागि १० जना सम्मको संख्या हुने गरी तपसिलको आधारमा छोटो सूची (short list ) तयार गरिनेछ । जसमा देहाय बमोजिम अंक गणना गरिनेछ ।

न्यूनतम शैक्षिक योग्यता वापत (माथिल्लो योग्यता मात्र भए माथिल्लो योग्यतालाई नै न्यूनतम मान्ने गरी) प्रथम श्रेणी -२० अंक, द्वितीय श्रेणी -१५ अंक, तृतीय श्रेणी -१० अंक, भौगोलिक बसोबास वापतः आफ्नै पालिकाको भए -१० अंक, सीमा जोडिएको पालिकाको -७ अंक, जिल्ला भित्रको अन्य पालिकाको -४ अंक, जिल्ला बाहिरको -० अंक ।

सरावल गाउँपालिका

१०. छोटो सूची प्रकाशनको मिति र अन्तरवार्ताको मितिका वीचमा कम्तिमा ७ दिनको समय रहने व्यवस्था मिलाइने छ ।

११. अन्तरवार्ताको पूर्णाङ्क १० हुनेछ । अन्तरवार्तामा ७० प्रतिशत भन्दा बढी र ४० प्रतिशत भन्दा घटी अंक दिनु परेमा सो को कारण खुलाउनु पर्नेछ ।

१२. नियुक्ति बुझेको स्वंयमसेवकलाई सामान्य अभिमुखीकरण दिई काममा खटाइने छ ।

१३. स्वयंसेवकको सेवा, सर्त र सुबिधा देहाय बमोजिम हुनेछ :

- स्वयंसेवकको सेवा अवधि न्युनतम १ महिना र अधिकतम १ आर्थिक वर्षको मसान्त सम्म हुनेछ ।
- स्वयंसेवकले खटिएको ठाउँमा काम गरेवापत रुजु हाजिरीको आधारमा दैनिक ५००|- निर्वाह खर्च उपलब्ध गराइने छ ।
- अन्य सेवा सर्तहरु स्वयंसेवक र गाऊँपालिका बीच भएको सम्झौताबमोजिम हुनेछ ।

१४. स्वयंसेवकको अवकाश :

देहायको अवस्थामा गाऊँपालिकाले स्वयंसेवकलाई अवकाश दिन सक्नेछ ।

- तोकीएको कार्य अवधी पुरा भएमा,
- खटाएको कार्य स्थलमा समयमा र नियमित रुपमा हाजिर नभएमा,
- सन्तोषजनक रुपमा कार्य सम्पादन नगरेमा,
- खराब आचरण प्रदर्शन गरेमा,
- खटाइएको काम सम्पादन गर्न कर्मचारीको व्यवस्था भएमा,
- तोकिएको कार्य जिम्मेवारी पुरा नगरेमा,
- तोकिएको कार्य सम्वन्धि आचारण बारम्बार उल्लंघन गरेमा,
- फौजदारी कसुरमा सजाय भएमा,
- निजको मृत्यु भएमा,
- राजीनमा दिएमा ।

१५.निशुल्क स्वयंसेवा गर्न चाहने व्यक्ती, संघ संस्थाहरुलाई आशयपत्र लिई स्वयंमसेवकका रुपमा खटाउन सकिनेछ ।

१६.विविधः

सरावल गाउँपालिका

यस अघि अन्य जुनसुकै कार्यविधि अन्तर्गत रही गाँऊ पालिकाभित्र स्वयंसेवक खटाइएको भएपनि निज यसै कार्यविधि बमोजिम भएको मानिनेछ ।

**आज्ञाले**

**बिशाल मिश्रा**

**प्रमुख प्रशासकीय अधिकृत**

सरावल गाँउपालिका